# थप कार्य सूचना

## मातृभूमि सुरक्षाको अमेरिकी विभाग अल्पकालीन अप्रमाणीकरण (डीएचएस टीएनसी)

| | |
|---|---|
| | |
| कर्मचारीको अन्तिम नाम, पहिलो नाम | कर्मचारीको सामाजिक सुरक्षा संख्याको अन्तिम चार अंक |
| | |
| कर्मचारीको ए–नम्बर | कर्मचारीको दस्तावेज संख्या |
| | |
| डीएचएस अल्पकालीन अप्रमाणीकरणको तिथि | मुद्दा प्रमाणिकरण संख्या |
| यो सूचनाको कारण: | |

## नियोक्ताका लागि निर्देशनहरू:

1. यो थप कार्य गर्ने सूचनाको बारेमा कर्मचारीसंग छिट्टोभन्दा छिटो निजी रूपमा समीक्षा गर्नुहोस।
   **महत्वपूर्ण:** यदि कर्मचारीले उनको प्राथमिक भाषाको रूपमा अङ्ग्रेजी बोल्न सक्दैन वा अङ्ग्रेजी भाषा पढ्ने वा बुझ्ने क्षमता छ भने कर्मचारीलाई अनुवादित संस्करण पनि प्रदान गर्नुहोस। अनुवादित संस्करण ई–भेरिफाई खण्डको 'आवश्यक संसाधन हेर्नुहोस' मा उपलब्ध छन। कर्मचारीले केही अन्य कारणले यो कागजात पढ्न सकेन भने, वैकल्पिक ढाँचामा जानकारी प्रदान गर्नुहोस।
2. यो थप कार्य सूचनाको शीर्षमा दिएका सबै जानकारी सही छन् कि छैनन् भनेर जाँच गर्नुहोस। यदि यो जानकारी गलत छ भने, ई–भेरिफाइमा यो मामला बन्द गर्नुहोस् र सही जानकारी दिएर एउटा नयाँ मुद्दाको सिर्जना गर्नुहोस।
3. यो थप कार्य सूचनाको पृष्ठ 2 मा हस्ताक्षर र मिति लगाएर डीएचएस अल्पकालीन अप्रमाणीकरण (डीएचएस टीएनसी) मा भाग लिनु हुन्छ कि हुँदैन भनेर संकेत गर्नको लागि भन्नुहोस, र त्यसपछि तल नियोक्ताको रूपमा हस्ताक्षर र मिति लगाउनुहोस।
4. कर्मचारीलाई हस्ताक्षर गरेको अङ्ग्रेजी भाषाको थप कार्य सूचनाको प्रतिलिपि (र अनुवादित संस्करण, यदि उपयुक्त भएमा) दिनुहोस् र यसको मूल कर्मचारी फारम I–9मा संलग्न गर्नुहोस।
5. माथिको जानकारी प्रयोग गरेर ई–भेरिफाइमा लग इन गर्नुहोस् र यो मामिला खोज्नुहोस। कर्मचारीले टीएनसीमा भाग लियो भने निर्देशनहरू पालना गरेर डीएचएसमा मामिला अघि बढाउनको लागि ई–भेरिफाइका निर्देशहरूको पालना गर्नुहोस् वा कर्मचारीले डीएचएस टीएनसी प्रतियोगितामा भाग लिंदैन भने मामिला बन्द गर्नुहोस। कर्मचारीले डीएचएस टीएनसी प्रतियोगितामा भाग लिन छनोट गर्दैन भने, तपाईंले उसको रोजगारको अन्त्य गरेर ई–भेरिफाइमा मामला बन्द गर्नुहोस।
   **महत्वपूर्ण:** कर्मचारीले डीएचएस टीएनसी प्रतियोगितामा भाग लियो भने, डीएचएसमा मामिला अघि बढाउनुहोस, ई–भेरिफाइबाट रेफर भएको तिथि प्रिन्ट गर्नुहोस, यो कर्मचारीलाई दिनुहोस, र रेफर गरेको तिथि पुष्टिमा निर्दिष्ट गरिए अनुसार 8 संघीय सरकारी काम गर्न दिनभित्रमा सम्पर्क गर्न डीएचएस कर्मचारीलाई निर्देश गर्नुहोस।

### फोटो बेमेल भएको लागि मात्र

यो थप कार्य सूचना पूरा गर्नुहोस् र कर्मचारीको फोटो कागजातको प्रतिलिपि सहित यो प्रतिलिपि डीएचएसमा पठाउनुहोस। या त ई–भेरिफाइ फोटो कागजातको डिजिटल प्रतिलिपि संलग्न गरेर पेश गर्नुहोस् वा आफ्नो रुचिको कुनै एक्सप्रेस ढुवानी वाहक मार्फत डीएचएसलाई एउटा कागत प्रतिलिपि पठाउनुहोस। नियमित संयुक्त राज्य डाक सेवा मेल मार्फत प्रतिहरू नपठाउनुहोस।

| एक्सप्रेस ढुवानी वाहक ठेगाना | इलेक्ट्रनिक रूपमा संलग्न गरेर पेश गर्नुहोस |
|---|---|
| U.S. Department of Homeland Security- USCIS<br>10 Fountain Plaza, 3rd Floor<br>Buffalo, NY 14202<br>Attn: स्थिति प्रमाणीकरण कार्यालय – फोटो मिलान | कर्मचारीका फोटो कागजातको डिजिटल प्रतिलिपि बनाउनुहोस् (एउटा स्क्यानर वा क्यामेराको माध्यमले) र आफ्नो कम्प्युटरमा सुरक्षित गर्नुहोस। त्यसपछि संलग्न गरेर ई–भेरिफाइमा प्रतिलिपि पेश गर्नुहोस। |

### नियोक्ताको हस्ताक्षर र मिति

**मैले डीएचएस अल्पकालीन अप्रमाणीकरणको यो कर्मचारीलाई सूचित गरें र कर्मचारीलाई यो थप कार्य सूचनाको प्रतिलिपि प्रदान गरेको छु।**

| | |
|---|---|
| | |
| नियोक्ताको नाम | नियोक्ताका प्रतिनिधिको नाम |
| | |
| मिति | रोजगारदाताका प्रतिनिधिको हस्ताक्षर |

E-Verify

## कर्मचारीका लागि निर्देशनहरूः

### तपाईंले यो थप कार्य सूचना किन पाउनुभया

तपाईंको नियोक्ताले अमेरिकी मातृभूमि सुरक्षा विभाग (डीएचएस) र सामाजिक सुरक्षा प्रशासन (एसएसए) द्वारा आयोजित कार्यक्रम ई–भेरिफाइमा भाग लिनुभयो। ई–भेरिफाइले तपाईंले फारम I–9, रोजगार योग्यता प्रमाणिकरणमा प्रदान गरेका जानकारीको डीएचएसमा उपलब्ध तपाईंको रेकर्डसंग तुलना गर्दछ र तपाईं संयुक्त राज्य अमेरिकामा काम गर्न अधिकृत हुनुहुन्छ भन्ने प्रमाणीकृत गर्दछ।

तपाईंले आफ्ना नियोक्ताबाट यो कर्मचारी थप कार्य सूचना प्राप्त गर्नुभयो किनकि ई–भेरिफाइले डीएचएस प्रयोगात्मक अप्रमाणीकरण (डीएचएस टीएनसी)को एउटा परिणाम प्रदान गरेको छ। डीएचएस टीएनसीको अर्थ हो कि तपाईंको नियोक्ताले ई–भेरिफाइमा लगाएको जानकारी डीएचएसमा उपलब्ध रेकर्डसंग मेल खाँदैन। डीएचएस टीएनसीले तपाईंले आफ्ना नियोक्तालाई गलत जानकारी दिनुभयो वा तपाईंलाई संयुक्त राज्य अमेरिकामा काम गर्ने अधिकार छैन भन्ने अर्थचाहिं लगाएको होइन।

तपाईंलाई डीएचएस टीएनसी प्राप्त भएको कारण जान्न www.dhs.gov/E-Verify का कर्मचारीका लागि पृष्ठ हेर्नुहोस।

### तपाईंले के गर्नु पर्छः

1. यो थप कार्य सूचनाको पृष्ठ 1मा दिइएको जानकारी सही छ भनेर जाँच गर्नुहोस। यो सही छैन भने, आफ्नो कर्मचारीलाई सही जानकारी प्रदान गर्नुहोस। तपाईंको नियोक्ताले यो ई–भेरिफाइ मामिला बन्द गरेर नयाँ मामिला सिर्जना गर्न सही गरेका जानकारीको प्रयोग गर्नुपर्छ।
2. तपाईं डीएचएस टीएनसी प्रतियोगितामा भाग लिनुहुन्छ (समाधान गर्न कारबाही गर्नुहोस) कि हुँदैन भन्ने निर्णय लिनुहोस् र आफ्नो रोजगारदातालाई आफ्नो निर्णय बारे जानकारी दिनुहोस।

   **महत्वपूर्णः** तपाईंले डीएचएस टीएनसी प्रतियोगिता नगर्ने निर्णय लिनुभयो भने, तपाईंको मामिला अन्तिम अप्रमाणीकरण हुनेछ, र तपाईंको नियोक्ताले तपाईंको समाप्त गर्न सक्छ भन्ने बुझिन्छ।
3. प्रतियोगितामा भाग लिने वा नलिने भन्ने तपाईंको निर्णयको चयन गर्नुहोस् र तल दिएको यो थप कार्य सूचनामा हस्ताक्षर गरेर मिति लगाउनुहोस। यदि तपाईंले डीएचएस टीएनसी समाधान गर्न सुरु गर्न डीएचएस टीएनसी प्रतियोगितामा भाग लिन कारबाही गर्ने निर्णय लिनुभयो भने आफ्नो रोजगारदाताले ई–भेरिफाइमा तपाईंको मामिला पेश गरेको मितिदेखि **8 संघीय सरकारी काम गर्ने दिन भित्र** डीएचएसमा सम्पर्क गर्नुपर्छ।

   **महत्वपूर्णः** नियोक्ताको जिम्मेवारी र तपाईंको अधिकार बारे महत्त्वपूर्ण जानकारीको लागि यो सूचनाको पृष्ठ 3 को समीक्षा गर्नुहोस।

### तल दिएका बक्स चयन गर्नुहोस, हस्ताक्षर गरेर मिति लेख्नुहोसः

| म छनौट गर्छुः (एउटा चुन्नुहोस) | | | |
|---|---|---|---|
| ☐ | **प्रतियोगितामा भाग लिन्छु** (डीएचएस टीएनसी समाधान गर्न कारबाही गर्नुहोस) | | |
| ☐ | **प्रतियोगितामा भाग लिन्न** (डीएचएस टीएनसी समाधान गर्न कारबाही नगर्नुहोस) | | |
| कर्मचारीको हस्ताक्षर | | मिति | |

### तपाईंले डीएचएस टीएनसी समाधान गर्न के कारबाही गर्नुपर्छः

1. आफ्नो रोजगारदाताले तपाईंको मामिला समाधान गर्न डीएचएसलाई मामला पेश गरेको मिति देखि **8 संघीय सरकारी काम गर्ने दिन भित्र** 888–897–7781 (टिटिवाइरू 887–875–6028) मा डीएचएसलाई कल गर्नुहोस। तपाईंको नियोक्ताले तपाईंलाई एउटा सन्दर्भ तिथिको पुष्टि दिनुपर्छ, जसबाट तपाईंले कुन मितिमा डीएचएसमा सम्पर्क गर्नुपर्छ भन्ने जानकारी दिन्छ।

   **विदेशी विद्यार्थीहरू र विनिमय पर्यटकहरूको लागि मात्रः** डीएचएसले तपाईंको विद्यार्थी विनिमय आगन्तुक सूचना प्रणाली (SEVIS) रेकर्ड गलत छ भने यो मामिलाको समाधान गर्न सक्दैन। तपाईंले डीएचएसमा कल गर्नु अघि, तपाईंको नामोद्दिष्ट स्कूलको आधिकारी वा जिम्मेवार अधिकृतसंग सम्पर्क गर्नुहोस् र आफ्नो `म्टै` रेकर्ड सही छ भन्ने सुनिश्चित गर्ने प्रयास गर्नुहोस।
2. तपाईंले डीएचएसलाई कल गर्दा यो थप कार्य सूचना साथमा राख्नुहोस। डीएचएस आफ्नो मामला समाधान गर्न थप जानकारी वा कागजात प्रदान गर्न अनुरोध गर्न सक्छ। तपाईंलाई अंग्रेजी बाहेक कुनै अर्को भाषामा सहायता आवश्यक छ भने, तपाईंले अनुवादक चाहियो भनेर ई–भेरिफाइको ग्राहक प्रतिनिधिलाई अनुरोध गर्न सक्नुहुनेछ।

   **नोटः** तपाईंले ई–भेरिफाइबाट डीएचएस टीएनसी प्राप्त गर्नु भएकोले तपाईंका अध्यागमन रेकर्डहरू गलत हुन सक्छन्। तपाईंको अध्यागमन रेकर्डमा सुधार गरेमा डीएचएस टीएनसीहरू रोक्न सक्नुहुन्छ। एकपल्ट तपाईंले सफलतापूर्वक डीएचएस टीएनसीको समाधान गर्नुभयो भने, तपाईंलाई आफ्नो अध्यागमन रेकर्ड ठीक गर्न थप कारबाही गर्ने इच्छा हुन सक्छ। तपाईंले http://www.uscis.gov/e-verify/employees/how-correct-your-immigration-records – मा पाइने तथ्य पाना इ–भेरिफाइमा भएको अल्पकालीन अप्रमाणिकरणको समाधान पछि तपाईंको USCIS रेकर्ड कसरी सच्याउने" को समीक्षा गर्न सक्नुहुन्छ। यो तथ्य पानामा तपाइँको डीएचएस रेकर्ड सच्याउने धेरै विकल्पहरूको जानकारी प्रदान गरिएको छ।

   आफ्नो मामिलाको स्थिति जाँच गन https://selfcheck.uscis.gov/SelfCheckUI/CaseTracker मा हेर्नुहोस।

## आफ्नो अधिकार जान्नुहोस

**यो पृष्ठले नियोक्ताको जिम्मेवारी र तपाईंको अधिकार बारे महत्वपूर्ण जानकारी प्रदान गर्दछ।**

- नियोक्ताहरूले छिट्टै नै तपाईंलाई व्यक्तिगत रूपमा एउटा अल्पकालीन अप्रमाणीकरण (टीएनसी) को बारेमा सूचित गर्नुपर्छ।
- नियोक्ताहरूले तपाईंले टीएनसी प्रतियोगितामा भाग लिन अनुमति दिनुपर्छ र तपाईंले टीएनसीमा भाग लिइरहको र तपाईंको ई–भेरिफाइको मामिला बाँकी रहेको समयमा टीएनसीले तपाईं विरुद्ध प्रतिकूल कारबाही गर्नु हुँदैन।
- तपाईंसंग एसएसए क्षेत्र कार्यालयमा जानको लागि वा टीएनसी प्रतियोगितामा भाग लिन डीएचएसमा सम्पर्क गर्न नियोक्ताले ई–भेरिफाइ मामिला पेश गरेदेखि 8 संघीय सरकारी काम गर्ने दिन रहने छन्।
- नियोक्ताहरूले तपाईंको नागरिकता, अध्यागमन स्थिति, वा राष्ट्रिय मूललाई लिएर तपाईंसंग भेदभाव गर्नु हुँदैन।
- नियोक्ताहरूले छानेर ई–भेरिफाइको प्रयोग गर्न वा काम आवेदकहरुको पूर्व–जाँच गर्न सक्ने छैनन्। ई–भेरिफाइ नागरिकता, अध्यागमन स्थिति, वा राष्ट्रिय मूल आदि नहेरिकन सबै नयाँ कर्मचारीहरुको लागि प्रयोग गरिनुपर्छ।
- नियोक्ताहरूले आफ्नो संघीय सम्झौतामा संघीय अधिग्रहण नियमावली (FAR) ई–भेरिफाइ धारा भएको संघीय ठेकेदार नभएसम्म आफ्ना विद्यमान कर्मचारीहरुलाई प्रमाणित गर्नको ई–भेरिफाइको प्रयोग गर्न सक्दैन।
- नियोक्ताहरूले स्पष्ट रूपमा डीएचएसले प्रदान गरेको श्काम गर्ने अधिकारश श्ई–भेरिफाइ सहभागिताको सूचनाश पोस्टर सबै भाषामा लेखेर प्रदर्शन गर्न आवश्यक छ।
- नियोक्ताहरूले अन्तिम अप्रमाणिकरण प्राप्त गरेपछि टीएनसीको कारण, वा कर्मचारीले टीएनसी प्रतियोगिता गर्दिन भन्ने निर्णय गरेपछि छ पछि कर्मचारीहरुलाई खारेज गर्न सक्छन्।
- नियोक्ताहरूले रोजगार प्राधिकरण समाप्त भएको अवस्थित कर्मचारीहरुको पुनःप्रमाणिकरणको लागि ई–भेरिफाइको प्रयोग गर्न सक्दैनन्। बरु, नियोक्ताहरूले फारम I–9को धारा 3, रोजगार योग्यता प्रमाणिकरण पूरा गर्नुपर्छ वा नयाँ फारम I–9 पूरा गर्नुपर्छ।

### थप जानकारीको लागि

तपाईंसंग के गर्नु भन्ने प्रश्न छन् भने, ई–भेरिफाइसंग 888–897–7781 (टिटिवाइ– 877–875–6028)मा सम्पर्क गर्नुहोस् वा E-Verify@dhs.gov मा इमेल गर्नुहोस। तपाईंले अंग्रेजीभन्दा बाहेक कुनै अर्को भाषामा सहायताको आवश्यक छ भने, तपाईंले अनुवादकको लागि ई–भेरिफाइ ग्राहक प्रतिनिधिलाई अनुरोध गर्न सक्नुहुनेछ। हाम्रो गोपनीयता, कार्यहरू र कार्यक्रमता नियमहरू सहित ई–भेरिफाइको थप जानकारीको लागि, ई–भेरिफाइको वेबसाइट www.dhs.gov/E-Verify मा हेर्नुहोस।

### उल्लङ्घनको जानकारी दिनुहोस

तपाईंले आफ्नो नियोक्ताले ई–भेरिफाइका नियमहरू उलङ्घन गरेको छ, वा तपाईंसंग अन्यायपूर्ण व्यवहार गरेको छ भन्ने लाग्छ भने, हामी तपाईंलाई रिपोर्ट गर्न प्रोत्साहन गर्छौं। गोपनीयता उल्लङ्घन लगायत सामान्य ई–भेरिफाइ दुरुपयोगको रिपोर्ट गर्नको लागि, ई–भेरिफाइको कर्मचारी हटलाईनमा 888–897–7781(टिटिवाइरू 877–875–6028) मा सम्पर्क गर्नुहोस् वा E-Verify@dhs.gov मा इमेल गर्नुहोस।

आफ्नो नागरिकता, अध्यागमन स्थिति, वा राष्ट्रिय मूल आधारित रोजगार भेदभावको रिपोर्ट गर्न, न्याय विभाग, नागरिक अधिकार प्रभाग, अध्यागमन–सम्बन्धित रोजगार अन्याय आचरण (ओएससी) विशेष सल्लाह कार्यालयमा 800–255–7688 मा (टिटिवाइरू 800–237–2515)मा कल गरेर सम्पर्क गर्नुहोस। कल गर्ने सबैको लागि भाषा व्याख्याता उपलब्ध छ। थप जानकारीको लागि, ओएससीको वेबसाइट www.justice.gov/crt/about/osc मा हेर्नुहोस।

### तपाईंको पहिचान सुरक्षित राख्नुहोस

यदि तपाईं पहिचानको चोरी वा ठगी र आफैंलाई रक्षा गर्ने सरल उपायहरूको बारेमा थप जान्न चाहनुहुन्छ भने, ftc.gov/idtheft मा जानुहोस।